बैठक नं. २५

आज मिति २०७९ चैत्र ३० गते, विहीबार बिहान १०:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. नि.प्र.प्रशासकीय अधिकृत श्री राम गोविन्द श्रेष्ठ

**विषयहरु :**

१. खानेपानी उपभोक्ता समिति गठनबारे ।

२. सी.सी. क्यामेरा जडान सम्बन्धी उपभोक्ता समिति गठनबारे ।

३. समिति निर्णय अनुमोदन बारे ।

४. विविध ।

**निर्णयहरु :-**

१. भक्तपुर नगर क्षेत्रको खानेपानी समस्या समाधान र समानुपातिक रुपले खानेपानी वितरणको लागि का.उ.खा.लि., भक्तपुरबाट हाल भ.न.पा. वडा नं. १, ३, ४ र ५ का विभिन्न क्षेत्रमा खानेपानी वितरण भइरहेकोमा नगरको माथिल्लो क्षेत्रमा समेत समानुपातिक रुपमा खानेपानी वितरणको व्यवस्था मिलाउन सूर्यविनायक चोकदेखि सूर्यमढीसम्म पाइप विछ्याउने कार्यको लागि निम्न अनुसारको उपभोक्ता समिति र अनुगमन समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

**उपभोक्ता समिति**

| | |
|---|---|
| अध्यक्ष : श्री महेन्द्र खायमली | सदस्य : श्री रुपा कवां |
| सदस्य : श्री किरण कवां | सदस्य : श्री सविता ख्याजु |
| सदस्य : श्री तुमला कोजु | सदस्य : श्री चन्द्र प्रसाद ग्वाछा |
| सदस्य : श्री केशव कवां | सदस्य : श्री विश्वराम प्रजापति |
| सदस्य : श्री बाबुकाजी गाईजु | सदस्य : श्री पञ्चदया प्रजापति |
| सदस्य : श्री शिवप्रसाद वाला | |

**अनुगमन समिति**

| | |
|---|---|
| अध्यक्ष : श्री रामसुन्दर बासी | सदस्य : श्री सुमित्रा बोह्जु |
| सदस्य : श्री कृष्णाश्वरी खिचाजु | सदस्य : श्री कृष्णाप्यारी जधारी |
| सदस्य : श्री श्रीभक्त कवां | सदस्य : श्री छोरीमैया सुजखु |
| सदस्य : श्री एण्डिज ग्वाछा | |

२. भक्तपुर नगर क्षेत्रमा शान्ति सुरक्षालगायत अन्य प्रयोजनको लागि उद्योग वाणिज्य संघलगायतका संघ संस्थाहरुसंग सहकार्य गरी दत्तात्रय-च्याम्हासिंहदेखि भानेसम्म र जगाति-कमलविनायकदेखि लान्चा फल्चासम्म सी.सीं टीभी प्रणाली जडान गर्न देहाय बमोजिमको उपभोक्ता समिति र अनुगमन समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

**उपभोक्ता समिति**

अध्यक्ष : श्री नातिभाई हेम्बा

सचिव : श्री रामेश्वरी कोजु

कोषाध्यक्ष : श्री नविन प्रजापति

सदस्य : श्री सूर्यराम त्वायनाबासु

सदस्य : श्री संगिता दुवाल

सदस्य : श्री गिता दुवाल

सदस्य : श्री नरेश ग्वाछा

सदस्य : श्री सुरेश कवां

सदस्य : श्री विजेन्द्र बजिको

सदस्य : श्री गणेशराम मुस्याख्व

सदस्य : श्री कमल केशरी त्वायना

**अनुगमन समिति**

अध्यक्ष : श्री महेन्द्र खायमली

सदस्य : श्री कृष्ण गोविन्द खाईजु

सदस्य : श्री लक्ष्मी शोभा कोजु

सदस्य : श्री रञ्जना त्वाती

सदस्य : श्री सुरेन्द्र प्रजापति

३. यस नगरपालिकाको देहायका समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**क शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति २०७९।१२।२१. गतेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ऐतिहासिक वाकुपति चांगुनारायण मन्दिर जीर्णोद्धारको क्रममा तामाको छाना लगाई सुनको जलप लगाइएको र मन्दिर परिसरमा रहेका सम्पदा स्थलहरु जीर्णोद्धार एवम् पुनः निर्माण गरिएको अभिलेख एवम् ऐतिहासिक दस्तावेजहरु संग्रह गरी 'वाकुपति चाँगुनारायण तामाको छानामा सुनको जलप-२०८०' पुस्तक ३००० प्रति प्रकाशित गर्ने र पुस्तकको मूल्य प्रति थान रु.२००।- कायम गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ चैत्र १७ गते सम्पन्न भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगितामा निर्णायकको जिम्मेवारी वहन गर्नु हुने विज्ञहरुलाई मूल्यांकनको दिनमा मूल्यांकन गरे वापत प्रतिव्यक्ति रु.२,०००।- का दरले पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

३. भजन प्रतियोगितामा सहभागी भएका प्रगतिशील भजन गीतहरुको सम्पादनसहित 'भजन गीतहरुको संगोलो' पुस्तक प्रकाशन गर्ने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम भूगोल, इतिहास, संस्कृति, नेपाल भाषालगायत विषयमा उच्च शिक्षा हासिल गरिरहेका, गर्न चाहने देहाय बमोजिमका भक्तपुर नगरवासी विद्यार्थीहरुलाई निजहरुको निवेदन अनुसार तोकिएको काम गर्ने शर्तमा छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो :

१. अर्पण भुजु- भनपा ३, बंशगोपाल - संस्कृति विषयमा त्रिवी केन्द्रीय क्याम्पसबाट विद्यावारिधि अध्ययनरत

२. विकुलक्ष्मी त्वानाबासु - भ.न.पा. ७ - नेपाल भाषा केन्द्रीय विभागबाट नेपाल भाषामा स्नातकोत्तर तह अध्ययनरत

३. अनिल कर्माचार्य - भ.न.पा. ३ - नेपाल भाषा केन्द्रीय विभागबाट नेपाल भाषामा स्नातकोत्तर तह अध्ययनरत

५. भक्तपुर नगरपालिका क्षेत्रभित्र संचालित अस्पतालहरुको खानेपानीको गुणस्तर जांच गर्न ख्वप कलेजमा वातावरण विज्ञान संकायमा स्नातक तह चौथो वर्षमा अध्ययनरत विद्यार्थी सुजिता शिल्पकारले Assessment of Drinking water Quality on Hospitals of Bhaktapur Municipality विषयमा अध्ययनरत अनुसन्धान गर्न प्रस्तावना पेश गरेकोमा उक्त अनुसन्धान यस भक्तपुर नगरपालिकालाई उपयुक्त हुने भएकोले निजलाई छात्रवृत्ति (अनुसन्धान वृत्ति) वापत नगद रु.२०,०००।- (अक्षेरुपी बीस हजार रुपैयां) प्रदान गर्ने निर्णय गरियो ।

६. भक्तपुर नगरपालिकाद्वारा नियमित प्रसारण हुँदै आएको रेडियो कार्यक्रम 'ख्वप सः' भक्तपुर आवाज' का सबै कार्यक्रमहरु २०७८ पुष २१ गतेदेखि निरन्तर युट्युव च्यानल संचालन गर्दै आएकोमा २०७९ माघ महिनादेखि कार्यक्रमहरु युट्युव च्यानलमार्फत प्रसारण गरे वापत ख्वप सः कार्यक्रमका प्राविधिक राजेश हाडालाई २०८० असार मसान्तसम्मका लागि प्रति कार्यक्रम रु.५००।- का दरले पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

७. भक्तपुर नगरपालिका वडा नं. २ मा स्वास्थ्य स्वयम् सेविकाको रुपमा सेवारत कृष्णश्वरी दथेपुथे र सविना जतिले राजीनामा गरी अन्यत्र रोजगारी प्राप्त गरेको उल्लेख गर्दै निजहरुको रिक्त स्थानमा सोही वडाका लक्ष्मी केशरी कवां सुवाल र रत्नकेशरी भैललाई नियुक्तिका लागि भ.न.पा. २ नं. वडा कार्यालयले भक्तपुर नगरपालिकामा पत्राचार गरेकोमा निजहरुलाई नियुक्ति गर्ने निर्णय गरियो ।

**ख महिला, बालबालिका तथा समाज कल्याण समिति**

मिति २०७९।११।२९ गतेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्य विधि–२०७८ अनुसार 'नेपाल सरकारबाट साविकमा पाई आएको सा.सु. भत्ता प्राप्त गरिरहेकाहरुले यस निर्देशिका बमोजिम उपलब्ध गराइने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्ने छन्' भन्ने उल्लेख रहेकोले सा.सु. भत्ता प्राप्त गरेका उल्लेखित कार्यविधि बमोजिम उपचार खर्च प्राप्त गर्ने निवेदकहरुलाई मिति २०७९ माघ महिनादेखिको उपचार खर्च प्रदान गर्ने निर्णय गरियो ।

मिति २०७९।१२।९ गतेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्य विधि–२०७८ अनुसार भ.न.पा. कार्यालयमा आवेदन गर्नु हुने लाभग्राहीहरुलाई बैंक खाता खोल्न सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नु हुनका लागि मजदुर दैनिकमा सूचना सम्प्रेषण गर्ने निर्णय गरियो ।

२. सःशर्त बजेट अन्तर्गत प्राप्त हुने नेपाल सरकारबाट प्राप्त रकमबाट आमा बाबुविहीन बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण गर्न विद्यालयहरु तथा वडा समितिबाट नामावली संकलन गर्न पत्र पठाएकोमा वडा समितिहरुबाट पुनः नामावली संकलन गर्न पत्राचार गर्ने निर्णय गरियो ।

मिति २०७९।१२।२६ गतेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. आ.व. २०७९/०८० को सामाजिक सुरक्षा भत्ता अन्तर्गत तेश्रो त्रैमासिक (२०७९ माघ, फागुन र चैत्र) तीन महिनाको सा.सु. भत्ता रकम वितरण मिति २०७९ चैत्र २७ गतेदेखि वितरण गर्ने निर्णय गरियो ।

मिति २०७९।१२।२७ गतेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. नेपाल सरकारबाट प्राप्त हुने सःशर्त अन्तर्गत बाल मैत्री वातावरण निर्माण गर्न प्राप्त हुने रकमको बालबालिकाहरुका लागि खेलकुद सामाग्री खरिद गर्ने निर्णय गरियो । सोको लागि महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक श्री रोशन मैया सुवालको नाममा रु.१,००,०००।- (अक्षेरुपी रु. एक लाख रुपैया) पेश्की लिन लगाउने निर्णय गरियो ।

२. जेष्ठ नागरिक स्याहार तथा हेरचाहसम्बन्धी तालिम दिन प्रत्येक वडाबाट ४/४ जना कक्षा ८ उत्तीर्ण महिलाहरुको नामावली प्राप्त गर्न वडाहरुमा (१-१० वडाहरु) मा पत्राचार गर्ने निर्णय गरियो ।

**<u>ग. वातावरण तथा पर्यटन समिति</u>**

मिति २०७९।१२।५ गतेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिका क्षेत्रबाट उत्पादन हुने फोहर मैला प्रशोधन गर्ने प्रयोजनको लागि वडा नं. १० सुकुन्दा फांटको जग्गाहरु भाडामा लिनेदिनेबारे जग्गावालाहरु र नगरपालिकाका जनप्रतिनिधिहरुबीच २०७९ पुष १३ गते विभिन्न बुंदामा सहमति गरी जग्गाहरुमा बाली लगाउन नदिई बांझो राख्न लगाएको हुंदा सहमति भएको मितिदेखि सहमति भएको अनुसार जग्गाको भाडा रकम उपलब्ध गर्ने गरी जग्गा भाडामा लिने दिने सम्झौता गर्ने निर्णय गरियो ।

२. घरेलु उत्पादन मेला २०७९ गर्नेबारे छलफल हुंदा २०७९ चैत्र १८ र १९ गते (शनिवार र आइतबार) “भक्तपुर घरेलु उपत्पादन मेला-२०७९” कार्यक्रम भक्तपुर नगरपालिकाको वडा नं. ३ नासमना र वडा नं. ४ तालाक्वमा आयोजना गर्ने निर्णय गरियो ।

२. घरेलु उत्पादन मेला २०७९ कार्यक्रममा सहभागी भई सांस्कृतिक प्रस्तुती गर्ने सांस्कृतिक टोलीहरुलाई नियमनुसार पारिश्रमिक प्रदान गर्ने । निम्न सांस्कृतिक टोलीहरु कार्यक्रममा सहभागी भई प्रस्तुती गरेको छ :

प्र. जेठा गणेश भैल प्याखं समूह - २ दिन

प्र. जेठा गणेश कवांचा प्याखं समूह - २ दिन

प्र. श्वेत भैरव धिमेवाजा खल जेंला- १ दिन

प्र. श्वेत भैरव वचत तथा ऋण सहकारी सं.लि.- १ दिन

प्र. श्वेत भैरव दाफा भजन वाजा खलः जेंला - १ दिन

प्र. क्वलाछें दाफा भजन (लुसी प्याखं)- २ दिन

प्र.. बास साउण्ड शिष्टम- २ दिन

प्र. गणेश दाफा भजन, भार्वाचो- १ दिन

**<u>घ. युवा तथा खेलकुद समिति</u>**

मिति २०७९।१२।३ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा नयाँ वर्ष २०८० को अवसरमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरुलाई बधाई तथा राष्ट्रिय अन्तर्राष्ट्रिय रेफ्री निर्णायक उत्तीर्ण भएकाहरुलाई सम्मान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

२. नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, खेलकुद पूर्वाधार शाखाको प.सं. २०७९/०८० च.नं. ४६० मिति २०७९।११।२५ गतेको पत्रानुसार उक्त मन्त्रालयलाई खेल पूर्वाधारहरुको विवरण पठाउने निर्णय गरियो ।

मिति २०७९।१२।१९ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा नयाँ वर्ष २०८० को अवसरमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई २०७६, २०७७, २०७८ र २०७९ सालमा पदक प्राप्त गर्नु भएका खेलाडीहरुलाई वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडी घोषणा गरी बधाई ज्ञापन गर्ने र भक्तपुर जिल्लाबाट विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगितामा रेफ्री र निर्णायक भएका र विभिन्न खेलको प्रशिक्षक प्रशिक्षण कोर्ष उत्तीर्ण भएका प्रशिक्षकहरुलाई सम्मान कार्यक्रम २०८० जेष्ठ १ गते बधाई तथा सम्मान कार्यक्रम गर्ने र उक्त कार्यक्रमकको लागि ०८० बैशाख २० गतेभित्र प्रमाण पत्र संकलन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा नयाँ वर्ष २०८० को अवसरमा मिति २०८० जेठ १ गते गरिने वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडी सम्मान कार्यक्रमको लागि खेलाडी छनौट गर्न तपसिल अनुसार पदाधिकारी रहने गरी एक खेलाडी छनौट समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

संयोजक : श्री श्यामकृष्ण खत्री

सदस्य : श्री उपेन्द्र सुवाल

सदस्य : श्री रविन्द्र खर्बुजा

सदस्य : श्री विनोद चरण राय

सदस्य : श्री विनोद प्रजापति

सदस्य : श्री प्रकाश मोहन धौभडेल

सदस्य सचिव : श्री कृष्ण गोविन्द सुवाल

मिति २०७९।१२।३० गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा नयाँ वर्ष २०८० को अवसरमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई २०७६, २०७७, २०७८ र २०७९ सालमा पदक प्राप्त गर्नु भएका खेलाडीहरुलाई वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडी घोषणा गरी बधाई ज्ञापन गर्ने र भक्तपुर जिल्लाबाट विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगितामा रेफ्री निर्णायक भएका र विभिन्न खेलको प्रशिक्षक प्रशिक्षण कोर्ष उत्तीर्ण भएका प्रशिक्षकहरुलाई सम्मान कार्यक्रम २०८० जेष्ठ १ गते, सोमबार गर्ने कार्यक्रमको लागि पत्रिकामा सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**ङ. कृषि समिति**

मिति २०७९।१२।१२ गतेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. यस वर्ष कृषकहरुलाई ताइचिन धानको बीउ वितरण गर्न ताइचिन धानको बीऊ १०,००० दश हजार किलो प्रति किलो रु.११०।- मा खरिद गर्न तथा धानको बीउको लागत मूल्यमा ५० प्रतिशत रकम सहुलियत दरमा वितरण गर्ने निर्णय गरियो । सो धानको बीउ पूर्तिको लागि सिद्धि कृषिलाई पत्राचार गर्ने निर्णय गरियो ।

मिति २०७९।१२।२२ गतेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. संघीय सरकारको सःशर्त कार्यक्रम अन्तर्गत मिट मार्ट स्थापना गर्न इच्छुक नगरवासी मासु व्यवसायीहरुलाई शर्तहरुको आधारमा ३५ दिने सूचना प्रकाशित गरी सो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

२. संघीय सरकार अन्तर्गत भक्तपुर नगरपालिकाभित्रका किसानहरुको सूचीकरण गर्नको लागि सूचना प्रकाशितका साथै सूचिकरण गर्नका लागि गणकहरु माग गर्ने निर्णय गरियो ।

**मिति २०८०।१।७ गतेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

१. प्रदेश सरकारको प्रांगारिक कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत १५ लाख बजेटभित्र रहने गरी भक्तपुर नगरका १ देखि १० वडासम्मका कृषकहरुलाई वडा वडामा यही २०८०।२।३० गतेभित्र प्रति वडा १,५०,०००।- एक लाख पचास हजार बजेट विनियोजन गरी ४/४ दिनको तालिम संचालन गर्ने निर्णय गरियो ।

२. वडा वडामा कौशी खेति तालिम लिइसकेका कृषकहरुलाई प्रति वडा ५०/५० कागती बोट र विमिरो बोट सहुलियत दरमा राष्ट्रिय फलफुल विकास केन्द्र, किर्तिपुरबाट खरिद गरी वडा वडामा वितरण गर्ने निर्णय गरियो ।

## च. निर्माण समिति

मिति २०७९/१२/३० गतेको निर्माण समितिको निम्ने निर्णयहरू अनुमोदन गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ख्वप टेलिभिजन भवन परिसरको बाटोमा ढुंगा छपाई कार्य | ८ | ख्वप टेलिभिजन | ९३४,९१०।५६ | | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भेलुखेलस्थित तरकारी बजारको कम्पाउण्डभित्र निकास मर्मत कार्य | ५ | मर्मत | ५२९,६७७।९२ | | | उ.स.अ.:श्री शिवकुमार बेताल<br>अ.स.स.:श्री नारायणप्रसाद त्वानाबासु | | | | | |
| २ | शारदा मा.वि. भवन निर्माण कार्य (छाना छाउने काठ) | २ | नपा | २,१६४,३६३।२२ | | | उ.स.अ. : श्री रत्नकाजी नायभारी<br>अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |
| ३ | हनुमानघाट खोला सुधार कार्य | ७ | खोला सुधार | २,०९६,६९२।२० | | | उ.स.अ. : श्री विश्वराम ख्याजु<br>अ.स.स. : श्री हेरा ख्याजु | | | | | |
| ४ | बिस्का जात्रा रूटहरू गहिती, लैको सडक बत्ती मर्मत कार्य | ४ | मर्मत | १३७,३११।२० | | | उ.स.अ. : श्री शिवराम किजु<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बिस्का जात्रा रूटहरू टौमढी, खलां, लैको ल्योसिंख्यमा सडक बत्ती मर्मत कार्य | ५ | मर्मत | २८५,७०३।०० | | | उ.स.अ. : श्री सीताराम भ्वयद्यो<br>अ.स.स. : श्री कृष्णप्यारी भुजु | | | | | |
| ६ | सूर्यविनायकदेखि च्याम्हासिंहसम्म खानेपानी पाइप जडान कार्य | ५, ७, ८ र ९ | बागमती प्रदेश सशर्त बजेट खानेपानी | ५,१०९,८४६।०४ | | | उ.स.अ. : श्री महेन्द्र खायमली<br>अ.स.स. : श्री रामसुन्दर बासी | | | | | |
| ७ | कमलविनायक प्लानिंगमा सडक पीच तथा पेटी निर्माण कार्य | १० | सडक कालोपत्रे | २,१८०,०००।०० | | | उ.स.अ. : श्री जितेन्द्र प्रजापति<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |

**रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बेखाल कभर्ड हल निर्माण कार्य ( दोस्रो चरण) | १० | बागमती प्रदेश समपूरक बजेट | ३०,८५७,२२३।०२ | २४,२३३,२५५।८४ | प्रथम रनिग बिल | ७,७६४,७१८।५८ | ७,७६४,७१८।५८ | ७,७६४,७१८।५८ | आंशिक सम्पन्न | तुल्सी कन्स्ट्रक्सन | दोस्रो रनिंग बिल भुक्तानी गर्ने |
| | | | | | | दोस्रो रनिङ बिल | ४,५९६,४५९।०४ | ४,५९६,४५९।०४ | ४,५९६,४५९।०४ | | | |
| | | | | | | जम्मा | **१२,३६१,१७७।६२** | **१२,३६१,१७७।६२** | **१२,३६१,१७७।६२** | | | |
| २ | हनुमानघाट सुधारिएको शवदाह गृह परिसरमा प्रतिक्षालय निर्माण कार्य | ७ | नपा | ४,६३६,०१३।३५ | | ८००,०००।०० | १,२०५,३३०।३७ | ४०५,३३०।३७ | १,२४०,५६८।६१ | आंशिक सम्पन्न | बुद्धिराम छुस्याबाग | |
| ३ | हनुमानघाटस्थित लोकेश्वर महादेव मन्दिर पुन:निर्माण कार्य | ७ | नपा | | प्रथम पेश्की | ३००,०००।०० | ८१२,७११।०० | ५१२,७११।०० | **१,३४४,३२४।९५** | सम्पन्न | बुद्धिराम दुवाल | |
| | | | | | दोस्रो पेश्की | ४००,०००।०० | ४५८,६५०।६० | ५८,६५०।६० | | | | |
| | | | | | जम्मा | **७००,०००।००** | **१,२७१,३६१।६०** | **५७१,३६१।६०** | | | | |
| ४ | पशुसेवामा कम्पाउण्ड वाल लगाउने कार्य ( निर्माण सामान र दक्ष श्रमिक ज्याला) | १ | मर्मत | २६३,१०९।६१ | | ८५,०००।०० | १६५,८७७।९५ | ८०,८७७।९५ | २३०,८९५।०४ | सम्पन्न | राम कार्की | |
| ५ | जनज्योति पुस्तकालयमा ईंलाइवेरी सञ्चालनको लागि इलेक्ट्रिफिकेशन, ब्याक अप सिस्टम, सीसी क्यामेरा फर्निचर जडान कार्य | २ | शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति | ५५८,८०७।०७ | ५९७,७८५।९९ | १७५,०००।०० | ५०९,२०५।५९ | ३३४,२०५।५९ | ५७५,२८०।०४ | सम्पन्न | राजन जति | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | याता ढुङ्गे धाराको निकासको लागि म्यानहोल निर्माण कार्य | ७ | मर्मत | ९७,४०७।३८ | | | ६६,४३६।८२ | १७,४०० । ज्याला भक्तानी | ६९,९६६।८६ | सम्पन्न | अमानत बाट | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| ७ | लिबालीमा ढल व्यवस्थापन मर्मत कार्य | ८ | मर्मत | २२,५२३।४४ | २७,९०९।२४ | | २२,९४६।०२ | २२,९४६।०२ | २६,७९१।८४ | सम्पन्न | अमानत बाट | |

**निर्माण समितिको मिति २०७९/१२/२९ गतेको बैठकको निर्णयहरू :**

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई. रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हनुमन्ते खोला सुधार (सिंहख्वाते क्षेत्र) | १ | मर्मत | ६८६,७२६।१२ | | | | | | | | |
| २ | सीसीटीभी प्रणाली जडान कार्य (दत्तात्रयँ च्याम्हासिंहँभा नेसम्म र जगातींकमल विनायकँ लान्चा फल्चासम्म) | ७, ८, ९ र १० | सीसीटीभी बजेट | ३,४१२,८१५।६१ | | | | | | | | भक्तपुर जिल्ला सीसीटीभी जडान समितिबाट रू. १५ लाख व्यहोर्ने |
| ३ | सीसीटीभी प्रणाली जडान कार्य (पर्यटक काउण्टर क्षेत्रहरूमा) | नपा | सीसीटीभी बजेट | ३,१६८,९९१।७९ | | | | | | | | |
| ४ | लिवाली बसपार्कस्थित ख्वप अस्पतालको उत्तरतर्फ बाटो पीच कार्य | ९ | कालो पत्रे | ५,५२,७९२।९० | | | | | | | | |
| **रि.ल.ई. स्वीकृति/ पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हनुमानघाट न्याता (पुल) मर्मत कार्य | ७ | नपा | ४,९२५,०९७।१७ | प्रथम पेश्की | १,२००,०००।०० | १,५०१,८७७।०० | ३०१,८७७।०० | १,७०१,७३५।९५ | सम्पन्न | कृष्ण गोबिन्द खाइजु | बाँकी रू. ६४,११५।०० नपाको बैंक खातामा दाखिला |
| | | | | | दोस्रो पेश्की | २,५००,०००।०० | २,४३५,८८५।०० | | २,४७७,१३९।२२ | | | |
| | | | | | जम्मा | **३,७००,०००।००** | **३,९३७,७६२।००** | **३०१,८७७।००** | **४,१७८,८७५।१७** | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | लिबाली आवास क्षेत्रमा पीच कार्य | ८ | बागमती प्रदेश सशर्त अनुदान | ५,८९८,५९२।३१ | | १,९००,०००।०० | ५,८७२,८७०।०० | ३,९७२,८७०।०० | ५,८७८,९६२।४९ | सम्पन्न | जितेन्द्र खायमली | रू.८,७२,८७०। कालो पत्रे बजेट शीर्षकबाट व्यहोर्ने |
| ३ | कालीघाट ढुङ्गेधारा परिसर सुधार कार्य | २ | मर्मत | ४८५,४२०।६४ | ४८७,९७२।०२ | १६०,०००।०० | २८७,५३१।५९ | १२७,५३१।५९ | ३५०,५३०।७२ | आंशिक सम्पन्न | बालमुकुण्ड बासुकला | |
| ४ | हनुमानघाट खंचा भर्तिला बाटोमा खानेपानी पाइप लाइन बिस्तार गर्ने कार्य | ७ | खानेपानी शीर्षक | ४२९,९५५।७६ | ७०८,८०६।२३ | १४०,०००।०० | २५२,३३१।२९ | ११२,३३१।२९ | २५२,३३१।२९ | आंशिक सम्पन्न | रामशरण लागे | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भार्वाचो गणेश मन्दिर अगाडिको पाटीको छाना मर्मत कार्य | १ | मर्मत | ५४३,६५६।६७ | | | उ.स.अ.:श्री बुद्धिभक्त सिन्ताकल<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| २ | भार्वाचो उकालो पाटीको छाना मर्मत | १ | मर्मत | ३६१,९९०।०० | | | उ.स.अ :श्री अष्टनारायण मानन्धर<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| ३ | सानो ब्यासीदेखि जिल्ला प्रशासन कार्यालयसम्मको बाटोमा ढुंगा छपाई कार्य | २ | शहिद स्मृति खेल मैदान | १,७४३,२११।८३ | | | उ.स.अ. : श्री हरिप्रसाद सुवाल<br>अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |
| ४ | गपलीदेखि दोका फल्चासम्म ढुंगा छपाई मर्मत कार्य | ४ | थन्थु दरबार | २,२०९,०८३।१२ | | | उ.स.अ. : श्री रविन छुस्याकी<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| ५ | तुमचोँदुगुरैंचोखा प्लानिंग र कमल विनायक प्लानिंगमा पीच मर्मत कार्य | ९, १० | सडक कालोपत्रे | ६१६,१३५।५५ | | | उ.स.अ. : श्री बाबुकाजी गोसाई<br>अ.स.स. : श्री रविन्द्र ज्याख्व | | | | | |
| ६ | ख्वप अस्पताल परिसरमा अन्डरग्राउण्ड पानी ट्यांकी निर्माण कार्य | ९ | ख्वप अस्पताल | ९,८१५,९६०।२५ | | | उ.स.अ. : श्री ज्ञानसागर प्रजापति<br>अ.स.स. : श्री इन्द्रबहादुर प्याथ | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | तुमचो स्थित दुगुरे क्षेत्र संरक्षण निर्माण | ९ | नपा | १,०८३,५२९।५५ | | | उ.स.अ. : श्री गणेशराम मुस्याख्व<br>अ.स.स. : श्री रविन्द्र ज्याख्व | | | |
| ८ | सीसीटीभी प्रणाली जडान कार्य (दत्तात्रयँ च्याम्हासिंहँभा नेसम्म र जगातींकमलि वनायकँ लान्चा फल्चासम्म) | ७, ८, ९ र १० | सीसीटीभी बजेट | ३,४१२,८१५।६१ | | | उ.स.अ. : श्री नातिभाइ हेम्वा<br>अ.स.स. : श्री महेन्द्र खायमली | | | |

**<u>निर्माण समिति</u>**

**भक्तपुर नगरपालिकाको मिति २०७९।१२।३० कार्यपालिका वैठकले यस नगरपालिका क्षेत्रमा २०७२ बैशाख मसान्त अघि नै ९"x९" र ९"x१२" पिलर राखी भवन निर्माण गरेका नगरवासीहरुको नक्सा र प्रस्तावित ढल सम्बन्धमा निर्माण समितिबाट निम्न मितिमा देहायका नगरवासीहरुको नक्सा फिल्ड निरिक्षण गरी तल्ला थप नक्सा स्वीकृतिको लागि प्रक्रिया अगाडि बढाउने भनी गरिएको निर्णय र प्रस्तावित ढल सम्बन्धमा गरिएको निर्णय अनुमोदन गरियो ।**

| क्र.सं. | निवेदकको नाम/थर | निर्माण ठेगाना | कि.नं. | क्षेत्रफल | विवरण | निर्माण समिति निर्णय मिति |
|---|---|---|---|---|---|---|
| १. | केशरी मैंया सुवाल | भ.न.पा. वडा नं. १<br>साविक वडा नं. १७ | १८६८ | ०-४-०-० | ९"X१२"पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।१२।२६ |
| २. | लक्ष्मीश्वरी लागे | भ.न.पा. वडा नं. ५<br>साविक वडा नं. ११ | १४२ | ०-३-१-० | ९"X१२"पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।१२।२६ |
| ३. | शिव कृष्ण कोजु | भ.न.पा. वडा नं. १ ० साविक वडा नं. ४ | ३३६ | ०-५-३-० | ९"X१२"पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।१२।२६ |

| क्र.सं. | निवेदकको नाम/थर | निर्माण ठेगाना | कि.नं. | क्षेत्रफल | विवरण | निर्माण समिति निर्णय मिति |
|---|---|---|---|---|---|---|
| ४. | रेनुका गौतम र निर्मला अधिकारी | भ.न.पा. वडा नं. १<br>साविक वडा नं. १७ | ५९५ र ५९६ | ०-४-२-२ र ०-४-२-२ | प्रस्तावित ढल हटाई आवश्यक कार्वाहि गरी | २०७९।१२।२६<br><u>निर्णय विवरण:</u><br>नक्सा पेश भएकोमा उक्त किता भएर प्रस्तावित ढल लाईन रहेकोमा उक्त ढल लाईनको केन्द्र रेखाबाट दायां |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | पाउँ सम्बन्धमा । | बायां ३.० मी. छोड्नु पर्ने व्यवस्था भएको सम्बन्धमा उक्त प्रस्तावित ढल लाईन सम्बन्धमा फिल्ड निरिक्षण गरी त्यस सम्बन्धि जानकारहरुसंग छलफल गरी प्रस्तावित ढल लाईनको आवश्यकता सम्बन्धमा राय लिई पेश गर्ने निर्णय गरियो । |

**छ. मूल्यांकन समिति**

**मिति २०७९ चैत्र २३ गते बसेको मूल्याङ्कन समितिको निम्न निर्णय अनुमोदन गरियो :**

यस भक्तपुर नगरपालिकाको हनुमन्ते खोला सुधार (सल्लाघारी पुलदेखि धालाखुसी पुलसम्म पहिलो चरण) कार्य (ठेक्का नं. bktmun/works/2/079/80) गर्नका लागि म्यादभित्र प्राप्त ३५ (पैतीस) वटा बोल पत्रदाताहरुको मूल्याङ्कन समितिमा छलफल हुँदा श्री K.B Sons Construction and Suppliers, Kageswori को प्रस्ताव न्यूनतम अङ्क भ्याटसहित रु..८९,४८,६५९।०० (अक्षरेपि उनान्नब्बे लाख अठ्चालिस हजार छ सय उनान्साठी रुपैयाँ मात्र) कबोल गरेको हुँदा सो बोलपत्रदाताको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सो बोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :-

क. भक्तपुर युवा टिमबाट मिति २०७९।११।५ गतेदेखि १३ गतेसम्म सम्पन्न भक्तपुर खुल्ला फुटबल प्रतियोगिता (दोश्रो भक्तपुर कप-२०७९) को लागि रु.३०,०००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा संचालित देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको ब्लक १५(क), १५(ख) र १५(ग) आयोजनाको संरचना निर्माण तथा संचालन कार्यको लागि भक्तपुर नगरपालिका र नगर विकास कोषबीच मिति २०७७ साल १२ महिना २ गते भएको ऋण सम्झौताको बुंदा नं. २.६(ङ) अनुसार आयोजना व्यवस्थापकबाट रु.३६,२६,९३,३५४।३५ (अक्षेरुपी छत्तीस करोड छब्बिस लाख त्रियानब्बे हजार तीन सय चवन्न रुपैयां पैंतिस पैसा) भौतिक प्रगति विवरण पेश गरेको पारित गरी बांकी ब्लकहरुको

बांकी कार्यहरु सम्पन्न गर्न कोषबाट सम्झौता भए बमोजिम बांकी रु. १५ करोड ऋण माग गर्न नगर विकास कोषमा पत्राचार गर्ने निर्णय गरियो ।

ग. जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरको च.नं. २९६८ मिति २०७९।१२।२६ को पत्रबाट उक्त कार्यालयको नाममा रहेको भक्तपुर नगरपालिका वडा नं. १७(ङ) कि.नं. ३०४ क्षे.फ. ०-४-१-० घर जग्गासंग सट्टापट्टा गरी तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गत कि.नं. २२० क्षे.फ. ०-१२-

३-२ (४०९.२१ व.मि.) जग्गा उक्त कार्यालयले लिने प्रक्रिया अघि बढाउन भक्तपुर नगरपालिकाबाट आवश्यक निर्णय गरी पठाई दिनु हुन भनी लेखी आएको सम्बन्धमा छलफल हुँदा भक्तपुर नगरपालिका अन्तर्गत संचालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको नाममा रहेको भक्तपुर नगरपालिका, वडा नं. १(छ)८ कि.नं. २२० क्षे.फ. ०-१२-३-२ (४०९.२१ व.मि.) को जग्गा र उपरोक्त बमोजिम जिल्ला सरकारी वकिल कार्यालयको नाममा रहेको भक्तपुर नगरपालिका वडा नं. १७(ङ) कि.नं. ३०४ क्षे.फ. ०-४-१-० घर जग्गाको तुलनात्मक मूल्यांकन गरी थपघट हुन आएको रकम आपसमा लेनादेना समेत गरी सट्टापट्टा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा संचालित पर्यटक सेवा केन्द्रको बा ३४ प ८८२२ नं. मोटरसाईकलको फुल ईन्जिन मर्मत साथै ब्याट्री, ताल्चा सेट र अरु सामान फेरे वापत रु.२८,०००।- र फोहोरमैला संकलन गर्ने को १ स १६७१ नं. ट्राईसाईकलमा ईन्जिन, आयल, भल्भ तथा अन्य सामान फेरे वापत रु. ३,६२५।- गरी कुल जम्मा रु. ३१,६२५।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ९०२५ नं.को बाकोहो डोजरमा मोबिल फेरी सर्भिसिङ्ग गरे वापत रु.५४,४९८।२० र बा १ क ८१५६ नं को स्काई भाईटर चेन डोजरमा ट्राय्क सिलिण्डर, ट्र्याक सिल बनाए बापत रु.१९,१३०।९० गरी कुल जम्मा रु.७३,६२९।१ हाम्रो हेभी इकुपमेन्ट वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ३५५८ नं. को ट्रिपर गाडीको पट्टा फेरेको र सेन्टर बोल्ट तथा अन्य सामान फेरे वापत रु.८,७५७।५० सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोर मैला संकलन गर्ने बा १ च ८७७ नं को गाडीमा ब्याट्री फेरे वापत रु.८,१७४।- नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोर मैला संकलन गर्ने BAB 8655 नं. को गाडी मर्मत गरे वापत रु.११००।- राज कुमार दुवाललाई भुक्तानी दिने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोर मैला संकलन गर्ने बागमती प्र ०१-४१३७ नं. को गाडीमा पंचर टाले वापतको रु.९५०।- राधेश्याम मचामसीलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोर मैला संकलन गर्ने बा ब भ ८७५१ नं. को गाडीमा पंचर टालेको, भेल पिन फेरेको, हावा चेक गरे वापत रु. ३,२००।- तुलसी राम हेंगजुलाई भुक्तानी दिने निर्णय गरियो ।

ट. मिति २०७९ चैत्र २७ गते यस ख्वप छें मा श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यूका लागि खाना, खाजा र बस्नेको व्यवस्था गरे वापत रु. ५,५००।- ख्वप छें क्याफेलाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर खो खो प्रतियोगिता, नगरव्यापी प्रगतिशील भजन प्रतियोगिता र बिस्का जात्राको उपलक्ष्यमा आयोजित सद्भाव र्‍यालीको लागि आवश्यक मेच र पालको व्यवस्था गरे वापत रु.५८,५७५।- भक्तपुर टेण्ट हाउसलाई भुक्तानी दिने निर्णय गरियो ।

ड. भक्तपुर नगरपालिकाद्वारा आयोजित नगरव्यापी प्रगतिशील भजन प्रतियोगितामा मञ्च सजावट तथा चिया नास्ताको व्यवस्था गराए वापत रु.३,१६०।- अजय फसिकवांलाई भुक्तानी दिने निर्णय गरियो ।

ढ. नपामा विभिन्न समयमा खाजा व्यवस्था गराए वापत रु.६८,५०५।- दिव्य स्विट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

ण. नपामा विभिन्न समयमा खाजा व्यवस्था गराए वापत रु.२०,८०५।- ब्रदर्श क्याफे एण्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

त. नपामा विभिन्न समयमा खाजा व्यवस्था गराए वापत रु.१८,१५०।- भः छें नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

थ. भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर खो खो प्रतियोगिता र नगर सभामा आवश्यक साउण्ड सिस्टम उपलब्ध गराए वापत रु.४२,०००।- बास नेशनल साउण्ड सिस्टमलाई भुक्तानी दिने निर्णय गरियो ।